राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मसुरीया, कोइलाबास दाङ                ५ नं प्रदेश नेपाल

पत्र सं २०७६/७७        चलानी नं.                मितिः २०७७/०५/२०

## कवाडी कर असुली सम्वन्धि सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा राप्ती गाउँपालिकाको आर्थिक ऐन, २०७८ बमोजिम यस कार्यालयवाट आर्थिक बर्ष २०७८/०७९ मा जडिबुटी, कवाडी माल तथा जिवजन्तुको हाड, सिंग, प्वांख, छाला आदीको व्यवसायिक उपयोग गरेवापत कर उठाउने कार्य ठेक्काद्धारा सञ्चालन गर्नका लागि कार्यालयवाट ठेक्का प्रकृया शुरु भएको र सो कर असुलीका लागि ठेक्का संझौता नहुन्जेल सम्म यस गाउँपालिका क्षेत्रवाट संकलन भई निकासी हुने कवाडी मालबस्तुमा लाग्ने कर यस कार्यालय वाटै असुल भईरहेकोले सोही बमोजिम कवाडी माल निकासी कर्ता ब्यवसायीहरुले कार्यालयमा गई कर बुझाई निकासी गर्नुहुन अनुरोध गरिन्छ ।

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री ईलाका प्रहरी कार्यालय भालुवाङः आवश्यक समन्वय गरिदिनुहुन ।

Email : info@raptimundang.gov.np Website : http://raptimundang.gov.np
Hello:81/80/77/97782413075+

राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मसुरीया, दाङ ५ नं प्रदेश नेपाल


पत्र सं २०७६/७७ चलानी नं. मितिः २०७७/०५/२०.

## जडिबुटी कवाडी तथा जिवजन्तु करको दरभाउपत्र आव्हान सम्वन्धि सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा राप्ती गाउँपालिकाको आर्थिक ऐन, २०७८ बमोजिम यस कार्यालयवाट आर्थिक बर्ष २०७८/०७९ मा जडिबुटी, कवाडी माल तथा जिवजन्तुको हाड, सिंग, प्वांख, छाला आदीको व्यवसायिक उपयोग गरेवापत कर उठाउने कार्य ठेक्काद्धारा सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक संघ संस्था वा फर्मवाट तपशिलको शर्तहरुको अधिनमा रहि दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सवैका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

### शर्तहरु

१.दरभाउपत्र सम्वन्धी फाराम यो सूचना प्रकाशित भएको मितिले ७ सात दिन भित्र कार्यालयवाट रु १०००/- (फिर्ता नहुने गरी)तिरी खरिद गर्न सकिनेछ । सो को लागि संस्था दर्ता प्रमाणपत्र, आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाणपत्र, मु अ कर दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ ।२. ठेक्काको न्यूनतम अंक (मु अ कर तथा अग्रीम आयकर बाहेक) रु ४०००००/- अक्षरमा चार लाख कायम गरिएकोछ ।३. कवोल अंक संझौताका बखत एकमुष्ट रुपमा बुझाउन पनि सकिने छ भने किस्ताको रुपमा बुझाउन चाहेमा २ किस्ता कायम गरी पहिलोपटक ६० प्रतिशत र आर्थिक बर्षको अन्त्य सम्ममा ४० प्रतिशत बुझाउनुपर्नेछ । यसरी बुझाउदा कुनै छुट पाईने छैन । ४. आफुले कवोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिकले १० प्रतिशत रकम यस कार्यालयको बैंक अफ काठमाण्डौको धरौटी खाता नं ०१५४०००००११३५२४ मा धरौटी जम्मा गरी सो को सक्कल भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । ५.ठेक्का २०७९ असार मसान्त सम्मका लागि हुनेछ । ६.महामारी वा विपदको अवस्थामा बाहेक बन्द हडताल वा अन्य कुनै प्रकारको अवरोध उत्पन्न भएमा कार्यालयले ठेक्का रकममा कुनै प्रकारको छुट दिने वा क्षतिपूर्ति दिने छैन ।७.प्रचलित कानूनले निषेध गरेका बस्तुहरुमा कर असुली गर्न पाईने छैन ।८.यसरी कर असुली गर्ने पट्टा प्राप्त गरेपछि सम्वन्धित फर्मले राप्ती गाउँपालिका क्षेत्रवाट उत्पादन भएको बस्तुहरुको ब्यावसायीक उपयोगमा मात्र कर असुली गर्नुपर्नेछ, अन्य स्थानीय तहको क्षेत्रबाट संकलन भई नियमानुसार कर बुझाई पालिकाको क्षेत्रवाट

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरीया, गाउँखुरी, दाङ                    ५ नं प्रदेश नेपाल

पत्र सं २०७६/७७        चलानी नं.                    मितिः २०७७/०५/20

निकासी गर्न लागिएको बस्तुमा समेत कर असुली भएको पाईएमा आवश्यक कारवाही गरी ठेक्का रद्द गर्न सकिने छ ।

९.यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

### आर्थिक बर्ष २०७८/०७९ का लागि स्वीकृत करका दरहरु

| क.सं. | शिर्षक विवरण | दर रु. | |
|---|---|---|---|
| १ | उन प्रति के.जी | ३ | |
| २ | खोटो प्रति के.जी | २ | |
| ३ | तेजपत्र प्रतिकेजी रु २/- र गुर्जो प्रतिकेजी ५० पैसा | | |
| ४ | बनकस प्रति के.जि | ०/५० | |
| ५ | कवाडी माल प्रति के.जि | १ | |
| ५.१ | आल्मुनियम, फलाम, टिन प्रति के.जि | २.५ | |
| ५.२ | कागज, गत्था, रबर प्रति के.जि | १ | |
| ५.३ | तामा, काँस, पीतल,सीसा प्रति के.जि | २५ | |
| ५.४ | बोतल सवै प्रकारका प्रतिगोटा | ०.२५ | |
| ६ | जिवजन्तुको हाड प्रतिकेजी | २ | |
| ७ | प्वाँख तथा रौ प्रतिकेजी | २.५ | |
| ८ | छाला प्रतिकेजी | ५ | |
| ९ | सिंग प्रतिगोटा | ५ | |

प्रमुख प्रशासकीय अधिकृत

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

Email : info@raptimundang.gov.np Website : http://raptimundang.gov.np
Hello:81/80/77/97782413075+